(ख) माथि खण्ड (क) बमोजिम रजिष्ट्री गरिनु पर्ने वस्तुहरू रजिष्ट्री नगरिएको भएमा सो हुलाक वस्तुमा लाग्ने रजिष्ट्री वस्तुको दुगुना दस्तुर डेलिभरी लिने ठेगानावाला वा प्रेषकबाट असुल गरिनेछ ।

३०. **विदेश पठाइने रजिष्ट्री हुलाक वस्तुहरू** : विदेशतर्फ पठाउने हुलाक वस्तुहरू रजिष्ट्री गर्दा पनि यस परिच्छेदका व्यवस्थाहरू लागू हुनेछन् ।

✚३०क. **रजिष्ट्रीको सोधपूछ र क्षतिपूर्ति** : (१) मनासिब माफिकको समयभित्र ठेगानावालालाई रजिष्ट्री प्राप्त हुन नसकेमा प्रेषकले रजिष्ट्री दर्ता गरेको ③हुलाक कार्यालय वा क्षेत्रीय हुलाक निर्देशनालयमा सोधनी दस्तुरको टिकट टाँसी नेपालभित्र पठाएको रजिष्ट्रीको हकमा सो दर्ता भएको मितिले ६ महिना भित्र र विदेशमा पठाएको रजिष्ट्रीको हकमा एक वर्षभित्र खोज तलासको लागि आवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्याद भित्र आवेदन परेमा सम्बन्धित हुलाक कार्यालयले उक्त रजिष्टरी आन्तरिक रजिष्टरी भए जुन बाटोबाट गएकोछ सोही बाटोबाट सोधनी गरिनेछ। बैदेशिक रजिष्टरी भए विश्व हुलाक संघको कन्भेन्सन मुनासिव इन्क्वायरी फाराम सी ९ (C9) भरी सोधनी गरिनेछ ।

(३) रजिष्टरी हराएको ठहरेमा हराए वापत प्रत्येक रजिष्टरीको आन्तरिक रजिष्टरी भए ③तीन सय रूपैयाँ सम्म र बैदेशिक रजिष्टरी भए विश्व हुलाक संघको कन्भेशनले तोके अनुसारको रकम प्रेषकलाई क्षतिपूर्ति दिइनेछ। तर त्यस्तो क्षतिपूर्तिको अङ्क प्रेषकले ठेगानावालालाई दिन चाहेमा ठेगानावालालाईनै दिइनेछ ।

(४) क्षतिपूर्ति पाइसकेपछि कुनै किसिमले हराएको रजिष्टरी प्राप्त हुन आएमा जुन अवस्थामा प्राप्त हुन आएकोछ सो अवस्थाको रजिष्टरी लिन ठेगानावाला र प्रेषकलाई सूचना गरिनेछ। ठेगानावाला वा प्रेषकले रजिष्टरी फिर्ता लिन आएमा पहिले क्षतिपूर्ति वापत लिइसकेको रकम फिर्ता बुझाउनु पर्नेछ ।

३१. **हुलाक सेवा विभागले दायित्व स्वीकार नगर्ने** : निम्नलिखित व्यवस्थामा कुनै कारवाई गरिने छैन :-

---

✚ दोस्रो संशोधनद्वारा थप ।

③ तेस्रो संशोधनद्वारा संशोधित ।

तर नेपाल र भारत बाहेक अन्य देशमा करेन्सी नोट वा सिक्का पठाउन सकिने छैन ।

(२) उपदफा (१) को अधीनमा रही बेचबिखन गर्न सकिने जुनसुकै वस्तुहरू वा करेन्सी नोट वा सिक्का हुलाकद्वारा पठाउँदा बीमा गर्न अनिवार्य हुनेछ ।

②३३. **बीमा महसुलदर** : हुलाक वस्तु बीमा गरे वापत हुलाक महसुल र रजिष्टरी दस्तुरमा नेपाल सरकारले तोके बमोजिम थप बीमा महसुल लाग्नेछ ।

३४. **बीमा गर्ने तरीका** : हुलाक वस्तुहरू बीमा गर्दा देहाय बमोजिम गर्नुपर्छ :-

(१) बीमा गर्दा लाग्ने हुलाक तथा अन्य दस्तुरको अग्रिम चुक्ति हुलाक टिकट टाँसी ③वा फ्रेङ्किङ्ग गरी गर्नुपर्छ ।

(२) प्रत्येक बीमा वस्तु छाप नफुटाइकन वा बेसाबुत वा अस्पष्ट चिन्ह नरहने किसिमसँग खोल्न नसकिने गरी सफा र स्पष्ट बुझिने गरी एक रङ्गको सफा लाहाद्वारा एकै ढाँचाको कुनै व्यक्तिगत छाप लगाई बलियो खाममा खोलमा वा बट्टामा वा बाकसमा राम्ररी बन्द गरिएको हुनु पर्दछ । रूपैयाँ पैसाको वा सोझा बाङ्गा काटिएको रेखा भएको छाप हुनुहुँदैन ।

(३) खाम, खोल, बाकस वा बट्टा कालो वा अरु कुनै किसिमको रङ्गीन किनारा नभएको वा भित्रको कुनै अंश कतैबाट देख्न र चिन्ह नसकिने गरी बनेको हुनुपर्छ ।

(४) खाम, खोल, बाकस वा बट्टा बन्द गरी टाँसिने, प्रत्येक जोड्नीमा लाहाछाप लगाएको हुनुपर्छ । कुनै वस्तु खाममा पठाइने भएमा धागाको टाँका मारी वा फिता बाँधी जहाँ गाँठो पर्छ त्यहाँ लाहाछाप लगाएको हुनुपर्छ ।

(५) खोल बाकस वा बट्टामा राखी पठाइने वस्तुका विषयमा सिएको ठाउँ धेरै भएमा प्रत्येक इन्चमा लाहा वा शिशाको छाप लगाउँदा बीमा वस्तु छाप खोली वा अन्य प्रष्ट चिन्ह देखिने नगरीकन खोल्न नसकिने हुनुपर्छ ।

---

② दोस्रो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

(२) कूरूप गरिएको, च्यातिएको, प्वाल परेको, काटिएको, रद्दी गरिएको वा अधूरो तुल्याउन चिन्ह लगाइएको टिकट,

(३) टिकटमा छापिएको भन्दा बाहेक अन्य कुनै अक्षर, शब्द, मूर्ति वा कुनै आकार छापको मुद्रण गरेको वा लेखेको टिकट,

(४) इम्वस खाम, र्‍यापर वा हुलाकबाट काटी झिकिएको टिकट,

(५) इम्वस भएको, रजिष्ट्री खाम रजिष्ट्री नगरी साधारण रूपमा पठाइएको खाममा टाँसिएको टिकट ।

**५५. टिकट बेच्न नहुने** : (१) नेपाल सरकारद्वारा दिइएको अनुमतिपत्र (लाइसेन्स) वा तोकिएको शर्तहरूको अधिनमा नरही कसैले टिकट बिक्री वितरण गर्न वा त्यस्तो व्यवसाय गर्न पाइने छैन ।

(२) कसैले उपनियम (१) को उल्लघंन गरेमा त्यस्ता व्यक्तिलाई पचास रूपैयाँसम्म जरिवाना हुनेछ ।

तर,

(१) यस नियमले निम्न बमोजिम भएको टिकट बिक्रीलाई बाधा पुऱ्याउने छैनः-

(क) हुलाकद्वारा भएको टिकट बिक्री,

(ख) ड्यूटीमा रहेको हुलाक कर्मचारीद्वारा बिक्री भएको टिकट बिक्री,

(ग) विभागले नियुक्ति गरेको फिलाटेलिक व्यूरो वा एजेन्सीद्वारा भएको टिकट बिक्री,

(घ) महानिर्देशकद्वारा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी टिकट बिक्री गर्न तोकिएको व्यक्ति वा संस्था ।

(२) टिकट बिक्री गर्ने वा टिकट सम्बन्धी व्यवसाय गर्नेले पालन गर्नु पर्ने शर्त तथा बन्देज नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिए बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

